# कालिका नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## रेडक्रसग्राम, चितवन

# राष्ट्रिय दैनिक पत्रिकामा बिज्ञापन एवं सूचना प्रकाशन गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आब्हान गरिएको सूचना

**(सूचना प्रकाशन मिति: २०८१-०४-०८)**

१. यस कार्यालयबाट सार्वजनिक खरिद सम्बन्धीत प्रकाशित गरिने तथा अन्य सूचना सामाग्रीहरु र बिज्ञापन न्युनतम दररेटमा चितवन जिल्लाबाट नेपाली भाषामा ई-पेपर (e–Paper) सहित प्रकाशित हुने प्रदेश तथा स्थानीयस्तरका 'क'/'ख' श्रेणीका दैनिक पत्रिका र काठमाडौंबाट नेपाली भाषामा ई-पेपर (e–Paper) सहित प्रकाशित हुने 'क' श्रेणीका राष्ट्रिय दैनिक पत्रिकाबाट प्रकाशित गर्नुपर्ने भएकोले उक्त कार्य शिलबन्दी दरभाउपत्रबाट गर्नु परेकोले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरभाउपत्र फारम दस्तुर रू १०००/- अक्षेरुपी रू एक हजार मात्र ( पछि फिर्ता नहुने) ग्लोबल आई.एम.ई बैंक, खोलेसिमल शाखा, चितवनमा रहेको आन्तरिक आम्दानी खाता नं ११३०४०१०००००१३ राजस्व खातामा जम्मा गरी चालु आ.व को लागि नवीकरण गरिएको फर्म दर्ता प्रमाण पत्र, आयकर दर्ता तथा मू.अ कर दर्ता प्रमाण पत्र, आ.व २०७९/०८० को कर चुक्ता प्रमाण पत्र संलग्न गरी दरभाउपत्र फारम खरिद गर्न इच्छुक संचार माध्यम, फर्म कम्पनी तथा बिज्ञापन एजेन्सीहरुलाई यो सूचना प्रकाशित गरिएको छ । दरभाउपत्र फारम कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय, रेडक्रसग्राम, चितवनबाट प्राप्त गर्न सकिनेछ साथै नगरपालिकाको वेबसाईटबाट पनि डाउनलोड गर्न सकिने छ।

२. आर्थिक बर्ष २०८१/०८२ को (दरभाउपत्र स्वीकृत भए प्रस्चात देखि) लागि एकद्वार प्रणाली (One door system) मार्फत नेपाली भाषामा ई-पेपर (e–Paper) सहित प्रकाशन हुने चितवन जिल्लाबाट प्रकाशित हुने प्रदेश तथा स्थानीयस्तरका 'क'/'ख' श्रेणीका दैनिक पत्रिका र काठमाडौंबाट प्रकाशित हुने 'क' श्रेणीका राष्ट्रिय दैनिक पत्रिकाको भित्रि पृष्ठमा सादा (Black and white) प्रकाशन हुने सूचनाको न्यूनतम दररेटमा प्रकाशित गर्न इच्छुक फर्म कम्पनी तथा बिज्ञापन एजेन्सीहरुलाई यो सूचना प्रकाशित गरिएको छ।

३. दरभाउपत्र पेश गर्दा **बैंक जमानत रकम रू ४५,००० र** मान्य अवधि **७५ दिनको** वा यस नगरपालिकाको तल उल्लेखित धरौटी खातामा नगद जम्मा गरेको हुनुपर्नेछ।
धरौटी खाताको नाम: ग.३धरौटी खाता
धरौटी खाता नं: **११३०४०१००००००४**

४. बोलपत्र फारममा उल्लेखित राष्ट्रिय दैनिकको भित्रि पृष्ठमा प्रकाशित हुने सूचना प्रति सि.सि न्यूनतम दररेटमा प्रकाशित गर्न इच्छुक फर्म कम्पनी तथा बिज्ञापन एजेन्सीको बोलपत्र स्वीकृत गरिने छ [ बुंदा २ मा उल्लेख प्रत्येक राष्ट्रिय पत्रिकामा सूचना प्रकाशित गर्दा लाग्ने प्रति सि.सि रकम छुट्टा छुट्टै उल्लेख गरी शिलबन्दी फारम दर्ता गर्नुपर्ने छ।

५. शिलबन्दी दरभाउपत्र पेश गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको सहि छाप नभएको, एउटाको नाममा खरिद गरी अर्कोको नाममा दर्ता गरेको र कुनै पनि शर्त राखी पेश भएको दरभाउपत्र मान्य हुने छैन।

६. सूचना प्रकाशित भएको १६ औं दिनको १२:०० बजे (२०८१ श्रावण २३ गते) भित्र आफैं खरिद गरेको दरभाउपत्र रितपूर्वक भरी, शिलबन्दी गरी यस कार्यालयमा दर्ता गराइसक्नु पर्नेछ। दर्ता भएका शिलबन्दी दरभाउपत्रहरु सोहि दिनको १:०० बजे (**२०८१ श्रावण २३ गते**) दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा यस कार्यालयमा खोलिने छ। दरभाउपत्रमा वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन। दरभाउपत्र बिक्रि गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ।

७. शिलबन्दी दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

८. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४०(ङ) अनुसार दरभाउपत्रदाताले खरिद कार्यमा अयोग्य नभएको र ब्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भनि लिखित घोषणा भएको कागजात दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।

९. एक आपसमा मिलेमतो गरी दरभाउपत्र दाखिला गरेको पाईएमा त्यस्तो दरभाउपत्र स्वीकृत गरिने छैन।

१०. दरभाउपत्रको प्रत्येक पानामा दरभाउपत्रदाताको अधिकारिक ब्यक्तिको सही र छाप अनिवार्य रुपमा लागेको हुनु पर्नेछ [ साथै दरभाउपत्रदाताले पेश गर्ने प्रमाणपत्रहरु नवीकरण भएको हुनुपर्ने छ।

११. यस सूचनामा उल्लेख भएको यसै अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानुन अनुसार हुनेछ। बृस्तित जानकारीको लागी कालिका नगरपालिकाको कार्यालय, रेडक्रसग्राम, चितवनमा कार्यालय समय भित्र सूचना प्रबिधि शाखामा सम्पर्क राख्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**